त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
डीनको कार्यालय
OFFICE OF DEAN
परीक्षा नियन्त्रण महाशाखा
EXAMINATION CONTROL DIVISION

Chakupat, Lalitpur, Nepal
Tel. 977-5260636, 5260716
Fax: 977-1-5260129
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
चाकुपाट, ललितपुर, नेपाल
फोन: ५२६०६३६, ५२६०७१६
फ्याक्स: ५२६०१२९

च.न.: 366 ०८१/०८२

प्रकाशित मिति : २०८१।०६।१४

# Online परीक्षा फाराम भर्ने सूचना

इ.अ.सं., परीक्षा नियन्त्रण महाशाखाद्वारा मिति २०८१ कार्तिक महिनामा संचालन गरिने B.E./B.Arch. सबै कार्यक्रम प्रथम वर्ष प्रथम खण्ड (नयाँ पाठ्क्रम) पुन:परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले **मिति २०८१।०७।०२ गते बिहान १०:०० वजेदेखि २०८१।०७।११ गते ५:०० वजे**सम्म ***http://exam.ioe.edu.np*** मा रहेको **Bachelor Level Login** बाट Online परीक्षा फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ । साथै सम्बन्धित क्याम्पस/कलेजहरुले यसैलाई सूचना आ-आफ्ना विद्यार्थीहरुलाई Online परीक्षा फाराम भर्न/भराउनका लागि जानकारी गराइन्छ ।

१. विद्यार्थीले आफ्नो Portal मा हालसालै खिचेको चस्मा नलगाएको, दुवै कान देखिने, सादा पृष्ठ छाँया (Background plain) भएको, पासपोर्ट साइजको फोटो साथै आफ्नो Signature Update गरी Online Form मा माग गरिएको सम्पूर्ण विवरणहरु साथै पुन: परीक्षाको लागि **अनुतिर्ण भएका सबै विषयहरु** अनिवार्य रुपमा भरी परीक्षा फाराम Register गर्नु पर्नेछ ।

२. Online परीक्षा फाराम भर्ने परीक्षार्थीहरुले सम्वन्धित क्याम्पसमा तोकिएको शुल्क तिरी क्याम्पसबाट उपलव्ध गराउने Payment Confirmation Slip मा Online Form Submit गर्दा उपलव्ध हुने Token No. सहित भरी अनिवार्य रुपमा वुझाई Online परीक्षा फाराम Verification गराउनु पर्नेछ ।

३. परीक्षार्थीहरुले आवश्यक परीक्षा शुल्क तिरेको बैंक भौचर तथा Payment Confirmation Slip वुझिलिई परीक्षार्थीले भरेको Online Exam Form Verification गरी सम्बन्धित क्याम्पसहरुले २४ घण्टा भित्र Approve गर्नुपर्नेछ । Approve नगरे सम्म Submit गरेको परीक्षा फारम Accept हुने छैन।

४. तोकिएको समय **२०८१।०७।११** गते ५:०० वजेभित्र Online Exam Form भरी बैंक भौचर तथा Payment Confirmation Slip नबुझाउने परीक्षार्थीहरुले **मिति २०८१।०७।१२ गते देखि २०८१।०७।१४ गते ४:०० वजेसम्म** तोकिएको परीक्षा शुल्कको साथसाथै **विशेष विलम्व शुल्क .२,५००।००(रुपैयाँ दुइ हजार पाँच सय मात्र)** तिरी परीक्षा फाराम भर्न सक्नेछन । उपरोक्त मिति पछि Online Form **स्वत: बन्द हुनेछ** ।

५. उपरोक्त म्याद भित्र पनि परीक्षा फाराम भर्न छुट हुन गएमा इ.अ.सं.को **विशेष व्यवस्था** भए अनुसार **मिति २०८१।०७।२१ गते दिउँसो २:०० वजे** सम्म यस परीक्षा नियन्त्रण महाशाखामा स्वंय उपस्थित भई सम्पर्क गर्नु पर्नेछ ।

६. Online Form Register गर्दा कुनै समस्या आएमा ***semesterexam@ioe.edu.np*** मा यथाशिघ्र जानकारी गराउन सूचित गरिन्छ ।

सुरज लामिछाने (पिएच. डी)
सहायक डीन